# सम्भाव्यता अध्ययन टोली वा फाँटवालाले पेश गर्नुपर्ने ग्रीड

## अनुसूची-१

**प्रकाशक**

**बेथानचोक गाउँपालिका**
बागमती प्रदेश, काभ्रेपलाञ्चोक
नेपाल

## सहकारी सिद्धान्त सम्मतिको जाँच

| क.सं. | नियामक सरोकारको विषय | रुजु ☐ | बेरुजु ☐ | कैफियत |
|---|---|---|---|---|
| १. | दरखास्तवालाहरु सबै जना प्राथमिक उत्पादक वा वास्तविक श्रमिक वा सर्वसाधारण उपभोक्ता हुन् । | ☐ | ☐ | |
| २. | दर्ता गर्न संस्थाको कार्यकारण मिल्दो आवश्यक साझा बन्धन (Common bond) छ । | ☐ | ☐ | |
| ३. | विनियमको दफा (८) मा सदस्यको योग्यतामा संस्थाले दिने सेवा उपयोग गर्ने अवस्थामा हुनुपर्ने (जस्तै - रेसम खेती संस्थामा रेसम खेतीवालामात्र सदस्य हुने सक्ने) भनिएको छ । | ☐ | ☐ | |
| ४. | विनियमको दफा (१५) मा संस्थाको सदस्यता सेवा उपयोग गर्न सक्ने सबैलाई संस्थापक सदस्यहरु बराबरको हैसियतमा प्राप्त हुने गरी खुल्ला रहने प्रत्याभूति छ । | ☐ | ☐ | |
| ५. | विनियमको दफा (१७) मा एक शेयरको मूल्य रु.. १००।- । राखिएको छ, एक सेयर किन्ने संस्थाको सेवा उपयोग गर्न सक्ने कसैले पनि निर्बाध सदस्या प्राप्त गर्ने सुनिश्चितता छ र (२२) मा कृत्रिम छेकबार नलगाइने उल्लेख हुनुका साथै विपन्न वर्गका कसैलाई कृत्रिम छेकबार लगाउने गरी न्यूनतम संख्यामा सेयर किन्नुपर्ने भन्ने खालको वा प्रवेश शुल्कतर्फ वा अन्यत्र कतै कुनै सर्त राखिएको छैन । | ☐ | ☐ | |
| ६. | सदस्यहरुको नित्य सहभागिताका लागि पायक मिल्ने गरी विनियमको तफा (३१) मा गाउँ/टोल/उपक्षेत्रीय बैठकको व्यवस्था छ र तदनुसार (दफा ३४ मा) सञ्चालक समितिको गठन विधिको प्रावधान पनि राखिएको छ । | ☐ | ☐ | |
| ७. | विनियमको दफा (५२) मा संस्थाको कुनै वर्षको खुद बचतबाट जगेडा कोषमा घटीमा २५ प्रतिशत छुट्याएर बाँकी हुने रकम मध्येबाट सहकारी शिक्षा कोषका साथै | ☐ | ☐ | |

| क्र.सं. | नियामक सरोकारको विषय | रुजु ☐ | बेरुजु ☐ | कैफियत |
|---|---|---|---|---|
| | सामुदायिक विकास कोषमा निश्चित प्रतिशत राख्ने व्यवस्था गरिएको छ । | | | |
| ८. | संस्थाको नाम देहाय बमोजिम छ :<br>• देवनागरीमा अर्थ खुल्ने कम्तीमा दुई अक्षरको<br>• सहकारीका साथै अन्तमा लिमिटेड शब्द परेको,<br>• अनुवाद गरी अंग्रेजीमा नराखिएको बरु नेपाली नाम नै अंग्रेजी अक्षरमा राखिएको (जस्तो - सगरमाथालाई 'Everest' नभनी 'Sagarmatha' भनिएको)<br>• कल्याण, उपकार, परार्थजस्ता स्वावलम्बनको सहकारी भावनासँग मेल नखाने शब्दहरु नराखिएको,<br>• सहकारी संगठनका मौलिकताभन्दा भिन्न स्वभावका संगठन जनाउने गरी सामाजिक व्यवसाय वा व्यवसायी अथवा सामाजिक उद्यम वा उद्यमी नभनिएको,<br>• संकेत अक्षर प्रयोग नगरिएको,<br>• कुनै निकाय समूह वा व्यक्तिबाट प्रवर्धित भनी नजनिएको,<br>• स्वीकृतभन्दा बेसी कार्यक्षेत्र नबुझाउने<br>• अर्को कुनै संस्थाको नाममा उपसर्ग वा प्रत्यय नलागेको<br>• 'बैंक', 'फाइनान्स', 'वित्तीय संस्था', 'इन्भेष्टमेन्ट', 'डेभलपमेन्ट' वा 'कम्पनी' जस्तो शब्द नपरेको र<br>• स्थानीय तहमा वा छिमेकमा एकै नाम नदोहोरिएको | ☐ | ☐ | |
| ९. | संस्थाको विषय स्थानीय तहको सहकारी कानुनमा पहिचान गरिए बमोजिम छ वा अन्य उत्पादनमूलक, उपभोगजन्य वा श्रममा आधारित संस्थाको रुपमा दर्ता गर्न निर्विवाद औचित्य छ । | ☐ | ☐ | |

| क्र.सं. | नियामक सरोकारको विषय | रुजु ☐ | बेरुजु ☐ | कैफियत |
|---|---|---|---|---|
| १०. | महिला संस्थाहरुमा महिलामात्रको सदस्यता हुनेमा बाहेक अन्य कुनै संस्थामा लिङ्गको आधारमा भेदभाव हुने गरी विनियममा कुनै प्रावधान राखिएको छैन् । | ☐ | ☐ | |
| ११. | साधारण सदस्यहरु कसैलाई पनि सदस्यता लिएको एकबर्ष व्यतीत नभई सञ्चालकमा उम्मेदवार बन्न नपाउने र निर्वाचित भइसकेपछि संस्थाको खर्चमा दिने प्रशिक्षण लिनुपर्ने व्यवस्था बाहेक शैक्षिक प्राप्ति, अनुभव, खरिद गर्नुपर्ने शेयरको संख्या वा रकम वा त्यस्तै कुनै मानदण्ड राखेर नेतृत्व तहमा निर्वाचित हुन नसक्ने खालको व्यवस्था विनियममा (खास गरी दफा ३३, ३६, ३७, ४० वा ४१ मा) छैन् । | ☐ | ☐ | |
| १२. | संस्था सञ्चालनमा सबै महत्वपूर्ण विषयहरुमा साधारण सभाको निर्णय अनिवार्य हुने प्रावधान विनियमको दफा (३०) मा छ । | ☐ | ☐ | |
| १३. | सञ्चालक समितिका सदस्यहरु मध्ये उपलब्ध भएसम्म कम्तीमा ३३ प्रतिशत (अर्थात् ४ जना) महिला पर्ने गरी प्रत्येक निर्वाचनमा कम्तीमा तीनोटा फरक गाउँ/टोल/ उपक्षेत्रीय बैठकहरुबाट महिला सदस्यहरु मध्येबाट मात्र उम्मेदवार बन्ने र साथै अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षमध्ये प्रत्येक निर्वाचनमा फरक पर्ने गरी कम्तीमा एउटा पदमा महिला सदस्यहरुमध्येबाट उम्मेदवार बन्ने सकारात्मक प्रावधान विनियम (दफा ३३ र ३४) मा छ । | ☐ | ☐ | |
| १४. | अपाङ्गता भएका व्यक्ति, दलित समुदायका सदस्यहरुका साथै आर्थिक सामाजिक रुपमा सीमान्तीकृत समूहका सदस्यहरुको सहभागितालाई बढावा दिन प्राथमिकता, छुट, सुविधा लगायतका सकारात्मक प्रावधान विनियम (दफा ८७) मा छ । | ☐ | ☐ | |
| १५. | पूर्व सहकारी शिक्षा दिइसकिएको छ । | | ☐ | ☐ |

## असुसूची - २

## सहकारी विधिसम्मतिको जाँच

| क.सं. | नियामक सरोकारको विषय | रुजु ☐ | बेरुजु ☐ | कैफियत |
|---|---|---|---|---|
| १. | फरक परिवारका न्यूनतम संख्या पुग्ने उपस्थितिमा पहिलो प्रारम्भिक भेला बसी अनुसूची ४ मा उल्लिखित कार्यसूचीमा छलफल गरेर निर्णयहरु भएको देखिने कारबाई कितापको प्रमाणित प्रतिलिपि छ । | ☐ | ☐ | |
| २. | फरक परिवारका न्यूनतम संख्या पुग्ने उपस्थितिमा दोश्रो प्रारम्भिक भेला बसी अनुसूची ५ मा उल्लिखित विषयमा छलपल गरेर निर्णयहरु भएको देखिने कारबाई कितापको प्रमाणित प्रतिलिपि छ । | ☐ | ☐ | |
| ३. | प्रस्तावित संस्थाको विनियमका प्रत्येक पृष्ठको शिर-पुछारमा तदर्थ संचालक समितिका प्रत्येकले र अटेसम्मका अरु सदस्यहरुले सहीछाप गरेका दुई सक्कलै प्रतिहरु छन् । | ☐ | ☐ | |
| ४. | तदर्थ संचालक समितिका प्रत्येकले शिर-पुछारमा सहीछाप गरेका प्रस्तावित संस्थाको अनुसूची ६ को नमुनामा तयार पारिएको कार्ययोजनाका दुई सक्कलै प्रतिहरु छन् । | ☐ | ☐ | |
| ५. | तदर्थ संचालक समितिको अध्यक्षले दस्तखत गरेको अनुसूची ७ को नमुनामा रु. १०।- को टिक टाँस भएको दरखास्त छ । | ☐ | ☐ | |
| ६. | दरखास्तवालाहरु सबै जनाले सहीछाप गरेको अनुसूची ८ को जस्तै संस्था दर्ता कार्यका लागि अधिकार प्रत्यायोजन-पत्र छ । | ☐ | ☐ | |
| ७. | दरखास्तवालाहरु सबै जनाको नेपाली नागरिकताको प्रमाण पत्रको आफैंले सक्कल बमोजिम नक्कल ठीक, दुरुस्त छ भनी सहीछाप गरेको र तदर्थ स्रचालक समितिका प्रत्येकको सम्भव भएसम्म नोटरी पब्लिकबाट समेत प्रमाणित गराएको प्रतिलिपि संलग्न छ । | ☐ | ☐ | |
| ८. | दरखास्तवालाहरु कम्तीमा पनि बचत तथा ऋणको | ☐ | ☐ | |

| क्र.सं. | नियामक सरोकारको विषय | रुजु ☐ | बेरुजु ☐ | कैफियत |
| --- | --- | --- | --- | --- |
| | विषयगत संस्था भए महा/उपमहानगरपालिकामा १०० तर नगर/गाउँपालिकामा ३० जना, श्रमिक संस्था भए १५ जना र अन्य विषयगत वा बहुउद्देश्यीय संस्था भए ३० जना फरक परिवारका पर्दछन् । | | | |
| ९. | छिमेक वा समुदाय साझा बन्धन हुने संस्थाको हकमा दरखास्तवालाहरु सबै जना वडा भित्र स्थायी रुपमा वा कम्तीमा ८५ प्रतिशत स्थायी रुपमा र बाँकी पनि स्थायित्व रहने गरी नै बसोबास गरिरहेका हुन् भन्ने बेहोरासहित वडा कार्यालयबाट संस्था दर्ता गरिदिन सिफारिस भइआएको छ । | ☐ | ☐ | |
| ९.क | पेसाको साझा बन्धन हुने संस्थाको हकमा दरखास्तवालाहरु सबै जना त्यस्तो पेसाको सीप भएका वा उत्पादन कार्यमा संलग्न रहेका व्यक्तिहरु हुन् भन्ने शैक्षिक संस्था वा सम्बन्धित निकायको प्रमाण पत्र वा वडा कार्यालयको सिफारिस पत्रका साथै वडा कार्यालयको सिफारिस पत्रका साथै वडा कार्यालयबाट सबै जना प्रस्तावित संस्थाको कार्यक्षेत्रका स्थायी बासिन्दा हुन् वा कम्तीमा ३० प्रतिशत स्थायी रुपमा र बाँकी पनि विगत दुई वर्षदेखि स्थायित्व रहने गरी नै बसोबास गरिरहेका हुन् भन्ने बेहोरा खुलाएर संस्था दर्ता गरिदिन प्रमाण-पत्रहरु भए तीसमेत राखी सिफारिस भइआएको छ । | ☐ | ☐ | |
| ९. ख | अर्को संगठनको साझा बन्धन हुने संस्थाको हकमा दरखास्तवालाहरु सबै जना त्यस्तो संगठनका सदस्यहरु हुन् वा त्यस अन्तर्गत कार्यरत छन र प्रस्तावित संस्थाको कार्यक्षेत्रमा बसोबास वा कामकाज गर्दछन् भन्ने बेहोरा खोली प्रत्येकको सदस्यता वा नियुक्तिको प्रमाणपसमेत राखी सम्बन्धित संगठनको आधिकारिक सिफारिस-पत्र प्राप्त | ☐ | ☐ | |

| क्र.सं. | नियामक सरोकारको विषय | रुजु ☐ | बेरुजु ☐ | कैफियत |
|---|---|---|---|---|
| | भएको छ। | | | |
| १०. | सि.नं. ९, ९ क, ९ ख को प्रयोजनका लागि कार्यक्षेत्र बाहिरको नागरिकता भएका दरखास्तवालाहरुको हकमा नेपाली नागरिकताको प्रमाण-पत्रको प्रमाणित प्रतिलिपिका साथै कार्यक्षेत्रभित्र बसोबास गरेको पुष्टि मिल्ने देहायको कुनै एक प्रमाणको प्रमाणित प्रतिलिपि समेत छ :<br>• मतदाता परिचय-पत्र<br>• बसाईसराईको प्रमाण-पत्र<br>• विवाह दर्ता प्रमाण पत्र<br>• जग्गाधनी पुर्जा, तिरो वा विद्युत महसुल तिरेको रसिद वा<br>• खटनपटन-पत्र वा श्रमिकको रुपमा काम गरिबसेको निस्सा। | ☐ | ☐ | |
| ११. | दरखास्तवालाहरु सबै जनाले महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिकाभित्र सोही प्रकृतिको अर्को कुनै संस्थाको सदस्यता लिएको छैन र साथै पहिले कुनै सहकारी संस्थामा संलग्न रही ऋण नतिरेको, रकम हिनामिना वा कुनै बैंक वा वित्तीय संस्थाको कालो सूचीमा परेको पनि छैन भनी अनुसूची ९ को ढाँचामा स्व-घोषणा गरेका छन्। | | | |
| १२. | विषयगत बचत तथा ऋण संस्था, बचत तथा ऋणको कारोबारसमेत गर्ने अन्य विषयको कुनै संस्था वा बहुउद्देश्यीय संस्था भए विनियमको दफा (६) मा संस्थाको कार्यक्षेत्र एक वडामात्र रहने प्रावधान उल्लेख छ र अन्य संस्था भएता पनि एकै वडामात्र कार्यक्षेत्र छ वा एकभन्दा बढी वडाहरु भए संस्थाको विशेष आवश्यकता (जस्तै तीनओटा वडा भएर बग्ने खोलामा जलविद्युत उत्पादन गर्ने योजना) का कारण प्रस्ट औचित्य छ। | ☐ | ☐ | |

| क.सं. | नियामक सरोकारको विषय | रुजु ☐ | बेरुजु ☐ | कैफियत |
|---|---|---|---|---|
| १३. | विनियमको दफा (५२) मा संस्थाको कुनै वर्षको खुद बचतबाट जगेडा कोषामा कम्तीमा २५ प्रतिशत छुट्याउने व्यवस्थाका साथै त्यसपछि बाँकी हुने रकमलाई १०० प्रतिशत मानी सोको कम्तीमा २५ प्रतिशत संरक्षित पुँजी कोषमा र १/२ प्रतिशत सहकारी प्रवर्द्धन कोषमा छुट्टयाउनुपर्ने उल्लेख गरिएको छ । | ☐ | ☐ | |
| १४. | संस्थाको व्यावसायिक योजना, सदस्यताको आधार र श्रोत परिचालनका पक्षहरु समेतको समुचित विश्लेषण गरिएको अनुसूची १० मा उल्लिखित विषयहरु समावेश भएको सम्भाव्यता अध्ययन प्रतिवेदन छ । | ☐ | ☐ | |
| १५. | दरखास्तवालाहरुले सेयर र प्रवेश शुल्कवापत जम्मा गरेको रकम तदर्थ संचालक समितिका जिम्मावाल कसैको जिम्मामा छ भन्ने बेहोरा खुल्ने अनुसूची ११ बमोजिमको भर्पाई छ । | ☐ | ☐ | |
| १६. | दरखास्तवालाहरुको सहीछाप परेको फोटोसहित अनुसूची १२ को नमुनामा र तदर्थ संचालक समितिका सदस्यहरुको अनुसूची १३ को नमुनामा थप विवरणसमेत प्राप्त छ । | ☐ | ☐ | |
| १७. | दिइएको वडामा दिइएको विषयको वा बहुउद्देश्यीय संस्थाहरु मिश्रित र महिला मात्रका कति-कतिसम्म दर्ता गर्ने भनी कानुन बमोजिम निर्धारित मानदण्डले हुने संख्या पुगेको छैन् । | ☐ | ☐ | |

## अनुसूची - ३

## सुशासकीय मानकको जाँच

| क्र.सं. | नियामक सरोकारको विषय | रुजु ☐ | बेरुजु ☐ | कैफियत |
|---|---|---|---|---|
| १. | सम्पत्ति शुद्धिकरण निवारण कानुन अन्तर्गत निकायबाट जारी भएको निर्देशनअनुसार दरखास्तवालाहरुको पहिचान तथा सम्पुष्टि हुने विवरण र कागजात प्राप्त भएको छ। | ☐ | ☐ | |
| २. | उपभोक्ता संस्था भए विनियममा सदस्यहरुबाट कुनै पनि प्रकारको बचत संलकन गर्ने उदेश्य (दफा ५) वा कार्य ( दफा ६) मा छैन। | ☐ | ☐ | |
| ३. | उत्पादक वा श्रमिकको संस्था वा बहुउद्देश्यीय संस्था भए विनियममा सदस्यहरुको बचत परिचालन गर्ने उद्देश्य ( दफा ५) वा कार्य (दफा ६) मा राखिएको छ भने नियमित बचत (अर्थात् महिनाबारी प्रतिसदस्य रु. १।- देखि रु. १,०००।- सम्म) मात्र संकलन गर्ने भनी उद्देश्य भए रुप र कार्य भए रुप र रकम प्रस्टै खुलाइएको छ। | ☐ | ☐ | |
| ४. | सि.नं. ३ को संस्थाको हकमा पुनः विनियमको दफा (५८) मा सदस्यहरुबाट संकलन गरिएको बचत रकमको जम्मा दायित्व जहिल्यै संस्थाको प्राथमिक पुँजी कोष (अर्थात सेयर पुँजी र जगेडा कोष) को १५ गुनाभन्दा बढी नहुनुका साथै त्यस्तो बचत रकमको जम्मा दायित्व र सदस्यतर्फी वार्षिक खरिद बिक्री समेतको जम्मा कारोबारको ३० प्रतिशतभन्दा बढी नहुने गरी सीमा तोकिएको छ। | ☐ | ☐ | |
| ५. | बचत तथा ऋणको विषयगत संस्था भए बचत खातामात्र खोल्न सक्ने (अर्थात् चल्ती वा मुद्दती खाता खोल्न नसक्ने) तथा जम्मा संकलित बचत दायित्वको रकम जुनसुकै बखत प्राथमिक पुँजी कोष (अर्थात् सेयर पुँजी र जगेडा कोष) को १५ गुनाभन्दा बढी हुन नहुने गरी विनियमका दफा (५७ को (२) )घ) र ५८) मा प्रस्ट जनाइएको छ। | ☐ | ☐ | |
| ६. | संस्थाको व्यावसायिक कार्ययोजना सहकारी ढाँचा (Co-operative Model) मा तर्कसम्मत, सम्भाव्य र | ☐ | ☐ | |

| क.सं. | नियामक सरोकारको विषय | रुजु ☐ | बेरुजु ☐ | कैफियत |
|---|---|---|---|---|
| | सदस्यहरुको आर्थिक प्रकृतिसँग ठीक-ठीक मिल्दो -जस्तै जुत्ताकर्मीको संस्थाको हकमा छाला विक्री, जुत्ता खरिद, जुत्ता उत्पादन कार्यशाला निर्माण आदि) छ । नमिल्दो -जस्तै जुत्ताकर्मीकै संस्थाको हकमा तरकारी खरिद, उपभोक्ता पसल संचालन, साइकल मर्मत कार्यशाला निर्माण आदि) छैन । | | | |
| ७. | विनियमको दफा (६१) मा सदस्यहरुबाट संस्थाले संकलन गरेको बचतको रकम साधारण गरेको बचतको रकम साधारण सभाबाट पारित बचत परिचालन निर्देशिकाअनुसार सदस्यहरुलाई नै ऋण दिन, तरलताका लागि नगदै राख्ने वा नेपाल राष्ट्र बैंकले जारी गरेको ट्रेजरी बिल वा विकास ऋणपत्र खरिद गर्ने बाहेक कुनै प्रयोजनमा लगाउन नपाइने गरी प्रतिबन्ध लगाइएको छ । | ☐ | ☐ | |
| ८. | विनियमका दफा (५०) मा संस्थाले कम्पनीको सेयर खरिद गर्न वा निजी फर्म, विद्यालय, कलेज, नर्सिङ होम वा नाफामा सहभागी हुने खालको आयोजनामा आफ्नो कोषको रकम लगाउन नहुने प्रावधान राखिएको छ । | ☐ | ☐ | |
| ९. | उत्तरदायित्व शृङ्खलामा असर पर्ने गरी कार्यकारी अध्यक्ष वा प्रबन्ध संचालकजस्ता प्रावधान विनियममा -दफा ४४ वा अन्यत्र) कतै छैन । | ☐ | ☐ | |
| १०. | सम्पत्ती शुद्धिकरण निवारण कानुन अन्तर्गतको दायित्व पूरा गर्न आवश्यक व्यवस्थाहरु विनियममा (खास गरी दफा ८, ४६, ६६, ६७, ७६ र ८५ मा) गरिएका छन् । | | | |
| ११. | कसैलाई पनि सदस्यता लिएको तीन महिना व्यतीत नभई ऋण नदिइने व्यवस्थाका साथै ऋण दिँदा तरलताका लागि १५ प्रतिशत छुट्याएर हुने लगानीयोग्य रकम ६० लाख पुगेपछिको अवस्थामा त्यस्तो रकमको आधा प्रतिशतभन्दा बढी नदिइने गरी (दफा ६०) मा सीमाङ्कन गरिएको छ । | ☐ | ☐ | |
| १२. | एकीकृत सूचना प्रणालीमा आबद्धताको व्यवस्था विनियम (दफा ७४) मा राखिएको छ । | ☐ | ☐ | |

| क.सं. | नियामक सरोकारको विषय | रुजु ☐ | बेरुजु ☐ | कैफियत |
|---|---|---|---|---|
| १३. | सूचनाको हक प्रत्याभूत गर्नुका साथै अग्रतापूर्ण खुलासाका लागि विनियमका प्रस्ट प्रांवधान (दफा ७८) छ । | ☐ | ☐ | |
| १४. | संचालक वा लेखा समितिका सदस्यहरुलाई ऋण प्रदान गर्ने वा उनीहरुको सुविधाका साथै व्यवस्थापकको पारिश्रमिक तोक्ने सम्बन्धमा वाञ्छित सीमाङ्कन सहितका प्रावधानहरु विनियम (दफा ३०, ६०, ६२ र ६४) मा छन् । | ☐ | ☐ | |
| १५. | नियामक निकायका निर्देशन लगायत आम सदस्यहरुका सरोकारका विषयहरु साधारण सभामा जानकारी गराउनुपर्ने व्यवस्था विनियम (दफा ७७) मा राखिएको छ । | ☐ | ☐ | |